बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# आ.व. २०८०/०८१ को लागि ढुङगा, गिटि, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ उत्खनन् संकलन र बिक्रिको ठेक्का सम्बन्धि सिलबन्धि बोलपत्र (टेण्डर) आव्हानको सूचना

पहिलो पटक बोलपत्र प्रकाशित मिति : २०८०/१२/०२
ठेक्का सूचना नं. :BRM/NCBR/01/080-081

बोलपत्र दाताको नाम :

ठेगाना :

सम्पर्क व्यक्ति :

सम्पर्क नं. :

सम्पर्क इमेलः

बकैया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुडे, मकवानपुर

बागमती प्रदेश, नेपाल

**<u>कबोल पत्र</u>**

ठेक्का नं. : BRM/NCBR/01/2080-081

उत्खनन् संकलन परिमाण स्थल : **उत्खनन् संकलन परिमाण स्थल (सुनाचुरी खहरे क्षेत्रबाट)**

| क्र.सं. | कामको विवरण | अधिकतम परिमाण(घन मिटरमा) | न्युनतम ठेक्का दर प्रति घ.मि (रु) (मु.अ.क. बाहेक) | कबोल रकम मु.अ.क. बाहेक | |
|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा |
| १ | सुनाचुरी खहरेको बिभिन्न तोकिएको घाटका क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य | २१,४००। | | | |
| | जम्मा | | | | |
| | मु.अ.कर १३ % | | | | |
| | कुल जम्मा | | | | |
| | कुल जम्मा (मु.अ.कर सहित ) रु . | | | | |
| | धरौटि रकम (अंकमा) रु. | | | | |
| | धरौटि रकम (अक्षरमा) रु. | | | | |

नोटः धरौटी रकम कबोल अंक (मु.अ.कर सहित) को न्युनतम ५% हुनुपर्नेछ ।

बोलपत्रदाताको विवरण :

फर्मको नाम :

ठेगाना :

सहिछाप :

मिति :

सम्पर्क नं.

बकैया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हात्तीसुडे, मकवानपुर,बागमती प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८०।११।३०)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२क. र यस बाग्मती प्रदेश आर्थिक ऐन, २०८० को अनुसुचि दफा ९ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बकैया गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

| सि. नं. | सूचना नं./ नं. बोलपत्र | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रकम | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/NCBR/01/2080-081 | Extraction and collection of riverbed material at sunachuri khahare, Bakaiya-7 | २१,४००।० | ६७,९८,७८०।० | भ्याट सहित कबोल रकमको ५% | रु. ३००० | २०८१।०१।०२ |

**शर्तहरुः**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र , मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र , आ.व. २०७९।८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि , बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा प्रभु बैंक लि.,हात्तीसुँडेको आन्तरिक राजश्वखाता नं. २५३७०८८८४९२०००२८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५(पांच) प्रतिशत भ्याट सहितको दरले हुन

आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंक लि., हात्तीसुडे शाखाको धरौटी खाता न.२५३७०८८८४९२००१२८ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिन म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

४) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५) प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको ११:०० बजे बकैया गाउँपालिका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७) बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम मू.अ.कर सहितको रकम प्रभु बैंक लि.,हात्तीसुँडे शाखाको स्थानीय तह विभाज्य कोष खाता न. २५३७०८८८४९२००१५८ खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। दोस्रो किस्ता रकम चालु आ.व. को जेष्ठ मसान्त भित्र मू.अ.क. सहितको रकम दाखिला गरी सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ । दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त कमर्सियल बैंकबाट यस कार्यालयको नाममा २०८१ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक , सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन , २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून , प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९) उक्त निर्माण सामग्री झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन वा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । साथै सो खर्च गाउँपालिकासंग दाबी गर्न पाउनेछैन । ढुङगा , गिट्टी, बालुवा, ग्राभेल आदी निकाल्दा कुनै व्यक्ति वा निकायको निजी जग्गा भएर जान आउन पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृति ठेकेदार आफैले लिनुपर्नेछ ।नदीजन्य पदार्थ सामाग्री ओसारपसार गर्दाको समयमा सडकमा धुलो वा हिलो भई आवागमनमा असर गरेमा ठेकेदारले सडक मर्मत आफ्नै खर्चबाट गराउनु पर्नेछ।

१०)नदी जन्य पदार्थ संकलन/उत्खनन गर्दा स्वीकृत IEE प्रतिवेदन, नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका नियमनसम्बन्धी प्रतिवेदन र कार्यविधिहरु , ढुंगागिटि, बालुवा, जिल्ला अनुगमन तथा समन्वय समितका निर्णयहरु तथा प्रचलित सम्बन्धित कानुनका व्यवस्थालाई पालना गर्नु प्रस्तावदाताको कर्तव्य हुनेछ।

११)IEE प्रतिवेदन अनुसार जुन जुन ठाउँबाट मेशिन प्रयोग गरी ढुङगा , गिट्टी, बालुवा, ग्राभेल उत्खनन् गर्ने भनी उल्लेख भएको छ। सो स्थानमा मात्र मेशिन प्रयोग गर्न पाइनेछ । साथै IEE प्रतिवेदन अनुसार मेशिन प्रयोग गर्न नपाईने स्थानको हकमा तालुक मन्त्रालयबाट स्थान तोकि मेशिन प्रयोग गर्न स्विकृति प्रदान भएमा सोही बमोजिम हुनेछ ।

१२)यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३) कुनैपनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैन । नदीजन्य पदार्थ उत्खनन् ,संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र / दर भाउ पत्र दाता स्वंयले व्यवस्थापन गर्नु पर्नेछ तथा बकैया गाउँपालिकाबाट आवश्यक समन्वय गरिनेछ।

१४) उत्खनन् गरिएको नदीजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौर /स्थानमा घाटगद्धी गन पाइने छैन , त्यसका लागि बोलपत्र / दरभाउ पत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ ।

१५) अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं. ९८५५०८८०६६ मा सम्पर्क राख्नसकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत